नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सिंहदरबार, काठमाडौं

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

मिति : २०७४/०५/२५

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०६९

**प्रेस बिज्ञप्ति**

नेपालको संविधान बमोजिम प्रदेश नं. १, ३, ४, ५, ६ र ७ मा स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधि वहाल भईसकेको अवस्था छ । आगामी असोज २ गते प्रदेश नं. २ अन्तर्गतका स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि सबै स्थानीय तहहरु निर्वाचित जनप्रतिनिधीहरुबाट सन्चालन हुने र संविधान बमोजिम आवश्यक पर्ने विभिन्न कानुन बनाई कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय तहमा नै रहेको व्यहोरा सवैमा विदितै छ ।

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँपालिका तथा नगरपालिकाको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्वन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने प्राबधान मुताविक स्थानीय सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउन, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन स्थानीय कानून बनाउनुपर्ने अनिवार्यता रहेकोले स्थानीय तहले तर्जुमा गर्ने कानुनमा निश्चत Standard कायम हुन सकोस भन्ने अभिप्राय तथा गाउँसभा र नगरसभाको कानून बनाउने कार्यमा सहयोग एवं सहजीकरण हुने देखी मन्त्रालयले गाउँ तथा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ को नमूना स्वीकृत गरी मन्त्रालयको वेवसाइट (www.mofald.gov.np) मा राखिएको छ । यस नमूना कानून बमोजिम सवै गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्नका लागि आवश्यक कानून बनाई कार्यान्वयनमा ल्याउनु हुन मन्त्रालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

(रुद्रसिंह तामाङ)

सह सचिव एवं प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय